नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

☎ ४२११९२९, ४२११९३२
४२११८०८, ४२११६६५
सिंहदरबार, काठमाडौं, नेपाल


पत्र सङ्ख्याः क.प्र.(बोर्ड/संस्थान/ छात्रवृत्ति)०८३/८४

चलानी नं.: ६४५

मितिः २०८३।०७।११

बिषयः <u>सेवाकालिन तालिम सम्बन्धी सूचना</u> ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलको च.नं. २१२/०८३/०८४ र च.नं. २१४/०८३/०८४ मिति २०८३।०७।१० को पत्रबाट नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत **अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि Advanced Course on Management and Development (ACMD)** र अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि **Professional Course on Management and Development (PCMD)** विषयको प्रशिक्षण कार्यक्रम सम्बन्धी सूचना यसैसाथ संलग्न छ। बेहोरा सोही सूचनाबाट अवगत गर्नुभई यस मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत सेवाकालिन तालिम नलिएका र तोकिएको योग्यता पुगेका इच्छुक राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका कर्मचारीहरुले मन्त्रालयबाट स्वीकृति लिई आवेदन गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

सिर्जना पौडेल
शाखा अधिकृत

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
## Nepal Administrative Staff College
*"...devoted to making differences positively."*


प.सं. ३१ – PSTD/CIsT

च.नं. २१४/०८३/८४

मिति: २०८३/०७/१०

श्री मन्त्रालय र मातहतका निकायहरू सबै,
श्री संवैधानिक आयोगहरू सबै,
श्री प्रदेश सरकार र मातहतका निकायहरू सबै,
श्री सुरक्षा निकायहरू सबै ।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी हुन खुल्ला आवेदन आह्वान ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका अधिकृतहरू**का लागि Professional Course on Management and Development (PCMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । आ.व. २०८३/८४ को वार्षिक कार्यतालिका अनुरूप PCMD १, २ , ३, ४ र ५ मा पर्न आएको दरखास्तलाई यथावत कायम राखी PCMD ६, ७, ८, ९ र १० प्रशिक्षण कार्यक्रममा अधिकृत तृतीय श्रेणी वा सो सरहको पदमा कार्यरत रही २०८३ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पूरा भएका स्थायी कर्मचारीहरूबाट सहभागिताका लागि खुल्ला आवेदन आह्वान गरिएको छ । आवेदनका लागि आवश्यक कागजातहरू सहित तल दिइएको Google Form Link मार्फत register गर्नुपर्नेछ ।

**आवश्यक कागजातहरू:**

- राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको पदमा नियुक्त भएको नियुक्ति पत्र
- प्रशिक्षणमा सहभागिताको आवेदनका लागि राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराइएको पत्र

| कार्यक्रम | कार्यक्रम मिति | |
|---|---|---|
| PCMD ६ | २०८३/०९/०१ देखि ३२ कार्यदिने | |
| PCMD ७ | २०८३/०९/१३ देखि ३२ कार्यदिने | |
| PCMD ८ | २०८३/०९/२० देखि ३२ कार्यदिने | |
| PCMD ९ | २०८३/१२/०१ देखि ३२ कार्यदिने (प्रस्तावित) | |
| PCMD १० | २०८३/१२/०८ देखि ३२ कार्यदिने (प्रस्तावित) | |
| सम्पर्क : श्री सौरभ कोइराला, ९८४६४५४४१४<br>श्री सूर्य प्रकाश बराल, ९८६६८०४७६० | https://forms.gle/s55EUw46KRDGzvyz9<br>(Scan to Register) | |

**प्रशिक्षण कार्यक्रममा मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्था:**

- राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको पदमा २०८३ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।
- हालको श्रेणी वा सो सरहको पदमा रहँदा यस प्रतिष्ठानबाट ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन प्रशिक्षण लिईसकेका कर्मचारीहरु सहभागिताका लागि योग्य हुने छैनन् ।
- प्रशिक्षार्थी छनौटको लागि सेवासमूह अनुसारको कोटा निर्धारण गरिएको छ । प्रशिक्षणका लागि प्रारम्भिक सूची तयार गर्दा तोकिएको समयसीमा भित्र आवेदन पेश गर्नेहरूमध्ये सम्बन्धित सेवा समूहभित्रको वरिष्ठतालाई आधार मानिनेछ ।
- प्रति प्रशिक्षण समूहमा २५ जना प्रशिक्षार्थी रहनेछन् । कुनै एक मितिमा सञ्चालन हुने प्रशिक्षणमा मागभन्दा बढी योग्य प्रशिक्षार्थीहरू भएमा क्रमशः लगत्तैको प्रशिक्षणमा व्यवस्थापन गरिनेछ । कुनै प्रशिक्षण समूहमा तोकिएको संख्यामा योग्य प्रशिक्षार्थी नपुगेमा अर्को समूहबाट स्थानान्तरण गरिने छ । यसरी स्थानान्तरण गर्दा पनि अपुग भएमा प्रतिक्षा सूचीबाट वरिष्ठताको आधारमा समावेश गरिने छ ।
- प्रशिक्षण अवधिको लागि काज स्वीकृत गराउने दायित्व प्रशिक्षार्थीको हुनेछ । प्रशिक्षार्थीको दैनिक तथा भ्रमण भत्ता प्रतिष्ठानले व्यहोर्ने छैन ।
- प्रारम्भिक सूची र अन्तिम सूची प्रतिष्ठानको website मार्फत प्रकाशन गरी जानकारी गराइनेछ ।
- प्रशिक्षण कार्यक्रमसँग सम्बन्धित अन्तिम निर्णय प्रतिष्ठानको हुनेछ ।

**प्रशिक्षण कार्यक्रम सम्बन्धी जानकारी:**

- आवेदन फाराम भर्ने अन्तिम मिति : २०८३ मङ्सिर ७ गतेसम्म
- प्रारम्भिक सूची प्रकाशन मिति : २०८३ मङ्सिर १४ गते
- अन्तिम सूची प्रकाशन मिति : २०८३ मङ्सिर १८ गते

विशाल आचार्य
अध्ययन उपनिर्देशक


जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
: Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
## Nepal Administrative Staff College

*"...devoted to making differences positively."*

प.सं. ३०– PSTD/CIsT
च.नं. २१२/०८३/८४

मिति:२०८३/०७/१०

श्री मन्त्रालय र मातहतका निकायहरू सबै,
श्री संवैधानिक आयोगहरू सबै,
श्री प्रदेश सरकार र मातहतका निकायहरू सबै,
श्री सुरक्षा निकायहरू सबै,
श्री सार्वजनिक संस्थान तथा संगठित संस्थाहरू सबै ।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी हुन खुल्ला आवेदन आह्वान ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका** लागि Advanced Course on Management and Development (ACMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । आ.व. २०८३/८४ को वार्षिक कार्यतालिका अनुरूप ACMD 1, 2 र 3 मा पर्न आएको दरखास्तलाई यथावत कायम राखी ACMD 4 र 5 प्रशिक्षण कार्यक्रममा अधिकृत द्वितीय श्रेणी वा सो सरहको पदमा कार्यरत रही २०८३ असार मसान्तसम्म न्यूनतम २ वर्ष सेवा अवधि पूरा भएका स्थायी कर्मचारीहरूबाट सहभागिताका लागि खुल्ला आवेदन आह्वान गरिएको छ । आवेदनका लागि आवश्यक कागजातहरू सहित तल दिइएको Google Form Link मार्फत register गर्नुपर्नेछ ।

**आवश्यक कागजातहरू :**

- राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका पदमा नियुक्त भएको नियुक्ति पत्र
- प्रशिक्षणमा सहभागिताको आवेदनका लागि राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराइएको पत्र

| कार्यक्रम | कार्यक्रम मिति | |
|---|---|---|
| ACMD 4 | २०८३/०८/२८ देखि ४० कार्यदिने | |
| ACMD 5 | २०८३/०९/०६ देखि ४० कार्यदिने | |
| सम्पर्क : श्री विशाल आचार्य, ९८६०९७४८२२ | Google Form Link: https://forms.gle/Ayg2AVknLJMQx4av6 or Scan To Register | |

**प्रशिक्षण कार्यक्रममा मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्था :**

- राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा २०८३ असार मसान्तसम्म न्यूनतम २ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।
- हालको श्रेणी वा सो सरहको पदमा रहँदा यस प्रतिष्ठानबाट ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु सहभागिताका लागि योग्य हुने छैनन् ।
- प्रशिक्षार्थी छनौटको लागि सेवासमूह अनुसारको कोटा निर्धारण गरिएको छ । प्रशिक्षणका लागि प्रारम्भिक सूची तयार गर्दा तोकिएको समयसीमा भित्र आवेदन पेश गर्नेहरूमध्ये सम्बन्धित सेवा समूहभित्रको वरिष्ठतालाई आधार मानिनेछ ।
- प्रति प्रशिक्षण समूहमा २५ जना प्रशिक्षार्थी रहनेछन् । कुनै एक मितिमा संचालन हुने प्रशिक्षणमा मागभन्दा बढी योग्य प्रशिक्षार्थीहरू भएमा क्रमशः लगत्तैको प्रशिक्षणमा व्यवस्थापन गरिनेछ । कुनै प्रशिक्षण समूहमा तोकिएको संख्यामा योग्य प्रशिक्षार्थी नपुगेमा अर्को समूहबाट स्थानान्तरण गरिने छ । यसरी स्थानान्तरण गर्दा पनि अपुग भएमा प्रतिक्षा सूचीबाट वरिष्ठताको आधारमा समावेश गरिने छ ।
- प्रशिक्षण अवधिको लागि काज स्वीकृत गराउने दायित्व प्रशिक्षार्थीको हुनेछ । प्रशिक्षार्थीको दैनिक तथा भ्रमण भत्ता प्रतिष्ठानले व्यहोर्ने छैन ।
- प्रारम्भिक सूची र अन्तिम सूचि प्रतिष्ठानको website मार्फत प्रकाशन गरी जानकारी गराइनेछ ।
- प्रशिक्षण कार्यक्रमसँग सम्बन्धित अन्तिम निर्णय प्रतिष्ठानको हुनेछ ।

**प्रशिक्षण कार्यक्रम सम्बन्धी जानकारी :**

- आवेदन फाराम भर्ने अन्तिम मिति : २०८३ मङ्सिर ७ गतेसम्म
- प्रारम्भिक सूची प्रकाशन मिति : २०८३ मङ्सिर १४ गते
- अन्तिम सूची प्रकाशन मिति : २०८३ मङ्सिर १८ गते

विशाल आचार्य
अध्ययन उपनिर्देशक

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
: Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np